आज मिति २०७९ साल माघ महिनाको २५ गते बुधबारको दिन २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को आठौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/१०/२३ गते नगर प्रमुखज्यूबाट मिति २०७९/१०/२५ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको आठौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | • मिति २०७९/१०/१० गते बसेको नगर स्तरीय वन वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठकको सिफारिस अनुसार यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्न यस नगरपालिकाको ९८ औं कार्यपालिका बैठकबाट अर्को व्यवस्था नभएसम्मका लागि परिवर्तन सेवा प्रा.लि.काठमाडौंले यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने निर्णय भएकोमा उक्त फोहोरमैला व्यवस्थापनका लागि अर्को व्यवस्था नभएसम्मका लागि निरन्तरता दिने र आर्थिक ऐन, २०७९ अनुसार शुल्क लिने । साथै, सरसफाई व्यवस्थापनको लागि कार्यविधि तयार गरि तत्काल नयाँ सेवा प्रदायक छनौटका लागि सुचना प्रकाशन गर्ने । |
| २. | प्रदेश समपुरक तथा विशेष अनुदानको आयोजना छनौट सम्बन्धमा । | • आगामी आ.ब.०८०/०८१ को लागी प्रदेश समपुरक अनुदान सम्बन्धी आयोजना/कार्यक्रम को प्रस्ताव प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम निम्नानुसारका आयोजनाहरु यस नगरपालिकाको समपुरक कोषबाट ५१ प्रतिशत लागत सहभागितामा बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. चाल्नाखेल-ग्वाल्दह-पाखाचोक-दक्षिणकाली सडक स्तरोन्नती (कृषि सडक), द.न.पा.१ र २ (क्रमागत)<br>२. मनकामना मोटरबाटो स्तरोन्नती (कृषि सडक), द.न.पा.६ (क्रमागत)<br>३. ढेबी भाजङ्गल कृष्ण मन्दिर हुदैं बलामी गाउँ जाने सडक स्तरोन्नती (कृषि सडक), द.न.पा.९ (क्रमागत)<br>४. टल्कु लाकुरेबोट डाडिखेल मोटरबाटो स्तरोन्नती (कृषि सडक), द.न.पा.९<br>५. बागधारा देखि बोसनबाट किर्तिपुर जोड्ने सडक, द.न.पा.१<br>• आगामी आ.ब.०८०/०८१ को लागी प्रदेश विशेष अनुदान सम्बन्धी आयोजना/कार्यक्रमको प्रस्ताव प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस नगरपालिकाबाट बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. स्वास्थ्य संस्था भवन, द.न.पा.८<br>२. समुदायका लागि डोल्लु खानेपानी आयोजना, द.न.पा.५<br>३. बालसुधार आधारभुत विद्यालय भवन निर्माण, द.न.पा.४ |
| ३. | वडा नं.७ को विपद् व्यवस्थापन तथा औद्योगिक ग्रामका लागि बजेट माग सम्बन्धमा । | • यस नगरपालिकाको वडा नं.७ स्थित युटिकी गाउँमा मिति २०७८ साल असार महिनामा परेको अविरल वर्षाका कारण युटिकी - खरिबोट - लङ्कु दक्षिणकाली सम्म जाने बाटो ५०० मि. लम्बाई २०० मि. चौडाईको जमिन भासिदा युटिकीमा रहेको करिब १०० घरधुरी र श्रीकृष्ण प्रणामी मन्दिर समेत खतरामा परेको तथा ३०० रोपनी जमिन चलायमान भएको हुदाँ उक्त पहिरो व्यवस्थापनका लागि बागममती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत प्रदेश विपद् व्यवस्थापन कोषबाट रकम विनियोजनका लागि अनुरोध गर्ने ।<br>• नेपाल सरकार मन्त्रि परिषद्बाट यस नगरपालिका वडा नं.७ लाई औद्योगिक ग्राम घोषणा भई हाल उक्त स्थानमा पूर्वाधार निर्माण र विकास कार्य भईरहेकोमा उक्त ग्रामसम्म पुग्न पहुँच मार्गको पहिलो चरणको बोलपत्र आह्वान भई कार्य भईरहेको हुदाँ डि.पि.आर.अनुसारको कार्य गर्नका लागि थप बजेट आवश्यक भएको हुदाँ चालु आ.ब.मा पाँच करोड रुपैयाँ विनियोजन |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | गरिदिनु हुन नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग माग गर्ने । साथै औद्योगिक ग्रामको डि.पि.आर.बमोजिम आगामी आर्थिक वर्षको योजनामा बजेट विनियोजन गर्न अनुरोध गर्ने । |
| ४. | विविध । | • यस नगरपालिका अन्तर्गत वडा नं.७ फ्याकुल डाँडा स्थित पूर्व वन क्षेत्र, पश्चिम ब्याटमिन्टन कबडहल, उत्तर खोल्सी र दक्षिणमा कच्ची मोटरबाटो भएको चारकिल्ला भित्रको सार्वजनिक स्थानमा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट खेल मैदान निर्माण गर्न रु.१०,००,०००।- (अक्षरुपी दश लाख रुपैयाँ) विनियोजन भएको हुदाँ उक्त स्थानमा बालबालिकाको खेल मैदान (पार्क) निर्माण गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत